# दाङ देउखुरी जिल्ला अदालतका न्यायाधिश हरिप्रसाद बगालेले अदालतमा कार्यरत दलित कर्मचारीमाथि गरेको जातीय विभेद सम्बन्धी घटनाको स्थलगत अध्ययन प्रतिवेदन

**मानवअधिकार सन्धि अनुगमन समन्व समिति**
**सचिवालय**
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
२०६३ असोज ८ गते

**पृष्ठभुमि**

०६३ भदौ २६ गते दाङ्ग देउखुरी जिल्ला अदालतका माननीय न्यायाधीश हरिप्रसाद बगालेले कार्यालयमा कार्यरत दुई कर्मचारीलाई दलित भएकै आधारमा प्रसाद र टीका ग्रहण गर्नमा रोक लगाएको भन्ने दाङ्ग जिल्लाबाट प्रकाशित हुने युगबोध राष्ट्रिय दैनिक पत्रिकामा समाचार प्रकाशन भएपछि सो सम्बन्धमा तथ्य सत्य बुझ्न नेपालगञ्जबाट मानवअधिकार सन्धि अनुगमन समन्वयन समितिको तर्फबाट ०६३ भदौ ३० गते घटनाको स्थलगत अध्ययन गरेको थियो ।

**अध्ययन टोली**

| | |
|---|---|
| मधु पन्थी | इन्सेक क्षेत्रीय कार्यालय, नेपालगंज |
| विमल अधिकारी | इन्सेक जिल्ला प्रतिनिधि, दाङ |
| रूद्र फुयाल | हिमराइट्स क्षेत्रीय कार्यालय, नेपालगंज |
| जनक विश्वकर्मा | दलित गैर सरकारी संस्था समन्वय समिति, दाङ |
| देवीराम परियार | नेपाल उत्पीडित जातीय मुक्ति समाज, दाङ |
| चक्र वहादुर विश्वकर्मा | नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज, दाङ |
| रिता मानुषी | नेपाल राष्ट्रिय दलित मुक्ति संगठन, दाङ |
| कमला विश्वकर्मा | दलित महिला संघ, दाङ |

# घटनाको संक्षिप्त विवरण

**पीडक**

| | | |
|---|---|---|
| हरिप्रसाद बगाले | जिल्ला न्यायाधिश | दाङ देउखरी जिल्ला अदालत, दाङ |

**पीडित**

| | | |
|---|---|---|
| १. भक्त वहादुर विश्वकर्मा | अमिन | दाङ देउखरी जिल्ला अदालत, दाङ |
| स्थायी ठेगाना : | पंचकुले गा.वि.स. ५ चरकमटीया दाङ | |
| २. हस्त बहादुर नेपाली | डिठ्ठा | दाङ देउखरी जिल्ला अदालत, दाङ |
| स्थायी ठेगाना : | त्रिभुवननगर नगरपालिका-६, फुर्सेखाली, दाङ | |

**घटनाको विवरण**

मितिः २०६३ साल भाद्र २६ गते सोमवार
समयः १०:४० बजे

# पीडितरूको भनाई

**भक्तबहादुर वि.क.**,२३ वर्ष
अमिन, दाङ्ग देउखुरी जिल्ला अदालत
दाङ्ग जिल्ला, पन्चकुले गाविस-५ चरकमटिया

२०६३ साल भाद्र २६ गते सोमवारको दिन न्यायाधिश हरिप्रसाद बगालेले परम्परागत धार्मिक संस्कार अनुसार आफ्नो बाबुको श्राद्ध पण्डितलाई बोलाई सम्पन्न गर्नु भएको रहेछ । श्राद्धको कार्य सम्पन्न गरिसके पश्चात् न्यायाधिश हरिप्रसाद बगालेले आफ्नो भान्सेलाई बोलाई पाखालागेका र पानी नचल्ने दुई जनालाई प्रसाद र टिका नदिनु अरूलाई बाँडि दिनु भनी प्रसाद बाँड्न आदेश दिनु भएको रहेछ । न्यायाधिशले पाखालागेका (महीनावरी भएका महिला) र पानी नचल्ने दुई जनालाई प्रसाद र टिका नदिनु भनी भन्नु भएको छ भन्यो । मैले पियनले ल्याएको प्रसाद र टीका तानेर टीका लगाएँ र प्रसाद पनि खाएँ । भान्सेले मलाई न्यायाधिशले पाखालागेका र पानी नचल्ने दुई जनालाई प्रसाद र टिका नदिनु भनी भन्नु भएको हो भनी भनेको कुरा लेखाफाँटका सहलेखापाल कृष्णप्रसाद पौडेलले समेत सुनेका थिए । त्यस पछि यो कुरा न्यायाधिश्लाई भन्दिनु की मैले प्रसाद पनि खाए र टीका पनि लगाए भनेर । तर उसले गएर भन्यो या भनेर मलाई थाहा भएन् ।

बिहान १०:४० बजेतिर हस्तबहादुर जि आउनु भयो मैले उहाँलाई सबै कुरा भने । हामीले न्यायाधिशलाई प्रत्यक्ष रुपमा भेटेर किन यस्तो भनिएको हो भनेर सोध्ने विचार गऱ्यौं तर उहाँको व्यस्तताको कारण भन्न सकिएन । समय नमिलेका कारण दुई दिनसम्म हामीले भन्न सकेनौं । भदौ २८ गते न्यायाधिश हरिप्रसाद बगालेको चेम्वरमा गइ घटनाको बारेमा जानकारी गराउँदा वहाँले यो मेरो व्यक्तिगत मामला हो । १० देखि ५ बजेको समयमा बाहेक मैले मेरो इच्छा अनुसारको काम गर्छु भन्नु भयो । मेरो पण्डितले (कृष्णप्रसाद पोखेल, स्वर्गद्धारी आश्रम झिगौंरा दाङ) मलाई पाखा लागेका (महिनावारी भएका महिला) र पानी नचल्ने (दलित) लाई नदिनु भनी भनेकोले मैले भनेको हुँ भन्नु भयो । सोही समयमा वादविवाद समेत भएकोले तपाईको व्यक्तिगत कार्य तपाईको घरमा गर्नुहोस यस सार्वजनिक स्थलमा होइन भनेका थियौं । वाद विवाद हुँदा अदालतका श्रेस्तेदार शाखा अधिकृत दुर्गा बहादुर भुसाल र जिल्ला सरकारी वकील समेत त्यहिँ हुनुहुन्थ्यो तर वहाँहरू केहि बोल्नु भएन । दिउँसो ४ बजे तिर न्यायाधिशले हामी दुवै जनालाई बोलाई तपाईहरु आवेशमा आउनु भयो मैले सिधै प्रसाद नखानु भनी भनेको थिइन भनी भन्नु भयो । २९ गते बिहीवार हामी दुवै जनालाई बोलाई निर्मल नेपाली (अध्यक्ष राष्ट्रिय दलित संजाल) र श्रेस्तेदार दुर्गा भुसालले मिल्नु पर्छ भन्दै आउँदा दिनमा कसैले पनि यो कुरा बाहिर नगर्ने भनी भन्नु भएको थियो । न्यायाधिशले तपाईहरूलाई धेरै चोट लागेको भए केटाले गरेको गल्तीको जिम्मेवारी म लिन्छु भन्नु भएको थियो । त्यसरी छलफल हुँदै गर्दा अन्तिम समय तिर नेपाल वार एसोसियसन जिल्ला वारका अध्यक्ष ठाकुरप्रसाद डी.सी. आउनु भएको थियो । वहाँलाई बोलाइएको थिएन । वहाँ आफ्नो कामको सिलसिलामा पुग्नु भएको थियो । निर्मल नेपालीले छलफलको क्रममा सवै दलित संघ सस्था र भातृ संगठनहरु आउनु जरुरी छैन भनी भन्नु भयो । साथै पत्रिकामा मेल मिलाप भएको समाचार प्रकाशित गर्ने जिम्मा समेत वहाँले नै लिनु भएको थियो ।



*पीडित हस्तबहादुर नेपाली र भक्तबहादुर वि. क.*

**हस्तबहादुर नेपाली, ४५ वर्ष**

डिङ्ग, दाङ्ग देउखुरी जिल्ला अदालत

०६३ भदौ २६ गते बिहान १०:४० बजे म कार्यालयमा आए । हाजिर गरेर आफ्नो कोठातर्फ जाँदै गर्दा भक्तबहादुरले सबै घटना विवरण सुनायो । मलाई साह्रै रिस उठ्यो र नरमाइलो लाग्यो । हामीले न्यायाधिशसमक्ष प्रत्यक्ष रुपले भेटेरै कुरा गर्ने सोच गरायौं । तर उहाँको व्यस्तताको कारणले गर्दा २६ गते र २७ गते भन्न सकिएन् । ०६३ भदौ २८ गते बिहान ११ बजे हामी चेम्बरमा सिधै गएर किन हामीलाई पक्षपात गर्नु भएको । हामीलाई किन प्रसाद र टीका नलगाउन भन्नु भएको भन्ने कुरा गऱ्यौं । उहाँले बिहान १० बजे भन्दा अगाडि र साँझ ५ बजे भन्दापछि मेरो व्यक्तिगत जीवन छ । यो मेरो व्यक्तिगत मामला हो भन्नु भयो । त्यो मेरो व्यक्तिगत इच्छा हो भन्नु भयो । मैले न्यायाधिश्समक्ष यदि त्यो व्यक्तिगत

कुरा हो भने किन श्राद्ध यहाँ गर्नुभयो त भनेर सोधे । उहाँले मेरो डेरा यही छ भने म कहाँ गएर श्राद्ध गरौं भन्नु भयो । हामी दुवै पक्ष आक्रोसमा थियौं । सो बखत कार्यालयका सबै कर्मचारी र अन्य वकिलहरुपनि त्यहाँ आए । बारका अध्यक्ष ठाकुर डी.सी.ले पत्रकार र अरुलाई फोनबाट खवर गर्नु भएछ । पत्रकारहरुपनि केही समयपछि आई पुगेका थिए । पत्रकारलाई हामीले सबै कुरा बताइदियौं । ०६३ भदौ २९ गते साँझ साढे चारबजेतिर न्यायाधिशले हामी दुवैलाई बोलाउनु भयो । हामी चेम्बरमा गयौं । त्यहाँ न्यायाधिश्, दलितका केन्द्रीय प्रतिनिधि निर्मल नेपाली, बारका अध्यक्ष ठाकुर डी.सी., वकिलहरु र अन्य कर्मचारीहरु हुनुहन्थ्यो । त्यहाँ न्यायाधिशले हामीलाई तपाईहरुले २६ गतेनै आएर सबै घटना बताइदिएको भए स्राहै राम्रो हुने थियो । तपाईहरु पनि आवेशमा आएर केही भन्नु भयो र मैलेपनि आवेशमा आएर केही चर्का कुरा गरे हुँला । त्यसलाई बिर्सीएर अगाडि बढौं भन्नु भयो । मैले तपाईहरुप्रति त्यस्तो कुदृष्टिले अहिलेसम्म हेरेको पनि छैन र व्यवहारमा पनि देखाएको छैन । सीतारामले के के भन्यो? यदि भनेको रहेछ भनेपनि मैले त्यसको तर्फबाट माफी माग्छु भन्दै आगामी दिनमा हामी मिलेर जानुपर्छ भन्नु भयो । हामीले पनि हुन्छ भन्यौ । दलित नेता निर्मलजिको अगाडि हामीले हात मिलाएर आफ्ना विगतलाई बिर्सीयौं । सो बखत न्यायाधिशले हामी दुईजनाको अगाडि सबै दलितहरुको समक्ष आम माफी माग्नु भएको थियो र सो खबर मिडियामा दिनेकुरा बताउनु भएको थियो । न्यायाधिश्ले आम माफी मागेपछि हामीले ठिकै छ आउँदा दिनहरुमा यस्ता गल्ती नदोहोइऱ्याउन भन्दै हात मिलायौं । हामी यो केस यही अन्त्य गर्न चाहान्छौं । सबै कुरा मिलिसक्यो ।

## न्यायाधिशको भनाई

**हरिप्रसाद बगाले**

न्यायाधीश, दाङ्ग देउखुरी जिल्ला अदालत

गत सोमवार २०६३ भदौ २६ गते मैले हाम्रो धर्म, संस्कृति र परम्परागत संस्कार अनुसारको बुबाको श्राद्ध कार्य सिद्ध गरेको थिए । श्राद्ध समाप्ती पछि केटाहरु प्रसाद र टिका लिएर बाँड्न हिडे । म कार्यालय समय भएपछि कार्यालयमा आएर आफ्नो काम शुरु गरे । २६ गते पनि म यहिँ थिए र २७ गतेपनि म यहीँ थिए । दुई दिन मलाई यस कार्यालयमा के भैरहेको छ थाहा थिएन । हाम्रा पीडित साथीहरुले पनि मलाई यस सम्बन्धमा केही जानकारी नै गराएनन् । उनीहरुले अन्यलाई भन्दै हिडेछन् । सोही क्रममा यहाँ उनीहरुलाई कसै कसैले उचालेर मेरो विरुद्ध जालसाजी गर्न उस्काएका रहेछन् । यदि हस्त र भक्तलाई सीतारामले त्यस्तो भनेको भए त मसँग आएर एक पटक सोध्नु पर्ने नि तर साथीहरुले त्यसो गरेनन् । हामी त एउटै घर परिवार हौं । ०६३ भदौ २८ गते हस्त र भक्त एक्कासी म बसेको कोठामा आएर तपाईले हामीलाई दलित भनेर अवहेलना गर्ने भन्दै झोक्किए । म त अचम्म परे । कहाँ के भएछ ? मैले यस्तो कुरा कहीँ भनेको त थिइन । कसरी आयो त भनेर रनभुल्ल परे । सो बेला उहाँहरुलाई मैले दुई कुरा बताएको थिए । पहिलो धार्मिक, संस्कार अनुसारको त्यो श्राद्ध मेरो एकदम नीजि कार्यक्रम हो भने । दोस्रो कुरा सीतारामले के कारणले त्यसो भन्यो मलाई थाहा भएन भने । मैले सीतारामलाई प्रसाद बाँड्ने बेला कसलाई दिने कसलाई नदिने केही भनेको छैन् । तपाईहरु सीतारामलाई सोध्न सक्नु हुन्छ । २८ गते हामी सरसल्लाह गर्दै थियौं । बारका अध्यक्षले भएको घटना भन्दा बढाई चढाई सबैतिर खवर पुऱ्याएछन् । अर्को दिन त मिडियामा खवर आएछ । जुन सरासर कपोकल्पीत छ । ०६३ भदौ २९ गते दलित नेता निर्मल नेपाली, वार अध्यक्ष र हामी दुई पक्ष यहि मेरो चेम्बरमा बस्यौं । मैले सीतारामले अज्ञानताका बस त्यसो भनेको भएतापनि मेरो तर्फबाट माफी पाउँ भने र मैले क्षमा मागे पछि त्यो विवाद टुङ्गिएको थियो । हाम्रो मिलापत्रको खवर पत्रपत्रिकामा दिने भन्दै हामी बाहिरिएका थियौं ।

जातीय विभेदप्रति मेरो पूर्व व्यवहार कस्तो छ त्यो पनि त हेर्नुपऱ्यो । म सरुवा भएर यस कार्यालयमा आएको एक महिना नहुँदै हस्तबहादुरलाई एउटा सात दिने तालिममा सहभागी हुन पठाएको छु । मैले यदि भेदभावनै गर्ने हो भने त मैले अरु कसैलाई पठाउँथे होला । हस्तबहादुरको आर्थिकस्थिति कमजोर छ । उनी विरामी छन् भन्ने मलाई थाहा थियो । त्यो तालिमबाट केही थोरै आम्दानी भयो भने त उनले उपचार गर्न पाउँछन् भनेर नै मैले हस्तबहादुरको नाम सिफारिस गरेको हुँ । उनी तालिमबाट फर्कीए र उपचार पनि गरे । हस्तबहादुर र उनका परिवारले त्यो गुण सधै सम्झी रहन्छन् । उनी तालिमबाट फर्कीसकेपछि सबैलाई मिठाई खुवाए । त्यो मिठाई मैलेपनि खाए । उनकै अगाडि खाएको हुँ । फेरी म हस्तबहादुरको घरमा पनि बारम्बार गएको र बसेको पनि छु । अर्को कुरा म बस्ने घरमा मेरो डेराको पल्लो पट्टी एउटा कोठा खाली थियो । त्यो कोठामा मैले नै बोलाएर भक्तबहादुरलाई त्यो कोठामा बसालेको हुँ । यदि म जातीयतामा कट्टर भएको भए त त्यो कोठामा अरुलाईनै राख्न सक्थे । अझ भन्ने हो भने त यो कार्यालयमा म जति दलित साथीहरुसँग नजिक र घुलमील छु त्यती अरुसँग छैन । यो अकल्पनीय घटना भएको छ म साह्रै दुःखी छु । मेरो हिजोको व्यवहार हेर्ने हो भने म कस्तो मान्छे थाहा

भैहाल्छ । अब सीतारामले के के भन्यो त्यो मलाई थाहा भएन । मैले सीतारामलाई सोध्दा मैले त्यस्तो केही भनेकै छैन भन्छ । भक्तबहादुरले भनेको हो भन्छ सीताराम भनेकै छैन भन्छ । सीतारामले भनेको सुन्ने मान्छे अर्को कोही छैन ।

**सीताराम चौधरी**
पियन, दाङ्ग देउखुरी जिल्ला अदालत

जुन पत्रिकामा मेरो हवाला दिदै खबरहरु छापियो त्यो मैले पत्रिकालाई भनेको छैन । अरू त वास्तविक कुरा थाहा पाईहाल्नु भयो नि । पत्रकारहरुले मलाई केही कुरा नसोधीकनै लेख्नु भएको हो ।

**ठाकुर डी.सी.**
अध्यक्ष, दाङ्ग देउखुरी जिल्ला बार इकाई

न्यायाधिश् आफूलाई अल्ली माथिल्लो दर्जाका नागरिक सम्झन्छन् । उनको र मेरो पहिलो दिन देखि नै टसल परेको थियो । त्यो घटनाको दोष सबै मलाई दिन्छन् । म भएकै बेला न्यायाधिशले त्यो कुरा मेरो व्यक्तिगत अधिकारको कुरा हो भनी पिडितलाई हपकाउनु भएको थियो । पाखा लागेका (महिनावारी भएका महिला) र पानी नचल्ने जातलाई प्रसाद र टिका नदिनु भनी भनेको कुरा म भएकै बेला न्यायाधिशले स्वीकार गर्नु भएको थियो । मैले मिडियालाई बोलाएको पनि हो र त्यो घटनाको सम्बन्धमा काठमाण्डौमा केन्द्रीय बार अध्यक्ष र प्रधान न्यायाधीशसमक्ष अवगत गराएको पनि हुँ । मैले इन्सेक केन्द्रीय कार्यालयमा घटनाको बारेमा टिपाउँदै यो केस त्यसै छाड्न हुँदैन भनेर खवर पनि गरेको हुँ । म बारको अध्यक्ष मात्र नभएर एउटा सक्रिय राजनीतिकर्मी पनि हुँ । म पूर्व गाविस अध्यक्ष पनि हुँ । त्यसैले मैले जनतामाथि भैरहेको अन्यायलाई सहेर बस्न सक्दिन । त्यसैले सो घटनाको पनि कडा प्रतिवाद गरेको हुँ । सो प्रतिवाद गरे वापत न्यायाधिशले मलाई के गर्न सक्छन र ! मेरो लाइसेन्स खोस्ने त होलान् नि त्यसको लागि म तयार छु । तर मेरो पछाडि ५० लाख दलितहरु छन् । मैले घटनाको सम्बन्धमा यदि न्यायाधिशबाट सो भेदभावपूर्ण व्यवहार भएको हो भने कडा कारवाही हुनुपर्छ भनेर पहिलो दिन बारको तर्फबाट पत्रिकामा प्रतिक्रिया दिएको थिए ।

## निष्कर्ष तथा सिफारिस

दाङ देउखुरी जिल्ला अदालतका न्यायाधिश हरिप्रसाद बगालेले मिति २०६३ भदौ २६ गते आफ्नो बाबुको श्राद्ध गरी सके पश्चात आफ्नो भान्से सिताराम चौधरीलाई टीका र प्रसाद बाँड्न पठाउँदा पण्डितको आग्रहमा महिनावारी भएका महिला र अदालतमा कार्यरत दुई जना दलित समूदायका कर्मचारीलाई नदिनु भनेकोले जातीय विभेद भएको भनी कर्मचारीले भन्दा व्यक्तिगत मामला र अधिकारको कुरा गर्दै उक्त विभेदलाई न्यायोचित ठह-याउने कार्य गरेको पाइयो । उक्त घटनालाई व्यक्तिगत अधिकारसंग जोडि तथ्यलाई तोडमोड गरेको पाइयो । साथै घटनाबाट उत्पन्न हुने परिस्थितिबाट जोगिन र घटनालाई बाहिर आउन नदिन मेलमिलाप भएको र यो अदालतको घर भित्रको विषय भनी दबाउने प्रयास गरेको पाइयो ।

न्यायपालिकामा कार्यरत न्यायमुर्तिले नै जातीय विभेद गरेको घटनाले अन्तर्राष्ट्रिय मानवअधिकार तथा राष्ट्रिय कानुनको उल्लंघन भएकोछ । न्यायाधिशको उक्त कार्य नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(४), मुलुकी ऐन अदलको १० क नं. र २०६३ जेठ २१ को प्रतिनिधि सभाको घोषणा तथा सबै किसिमका जातीय विभेद उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ समेतको विपरितको कार्य भएकोछ ।

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति जातीय विभेद गर्ने न्यायाधिश हरिप्रसाद बगालेलाई तत्काल कानुन बमोजिम पक्राउ गरी कारबाहि गर्न र न्याय परिषद्ले निजलाई तत्काल निलम्बन गरी कारबाहि गर्न माग गर्दछ ।